# दित्तेल रुपाकोट मझुवागढी नगरपालिका

# स्थानीय राजपत्र

खण्डः १ संख्याः ५ मितिः ४ भाद्र, २०७५ साल

# भाग-२

दित्तेल रुपाकोट मझुवागढी नगरपालिकाद्वारा प्रकाशित

## दित्तेल रुपाकोट मझुवागढी नगरपालिकाको प्रसूती सट्टा शिक्षक व्यवस्थापन कार्यविधि, २०७५

# नगर शिक्षा नियमावली २०७४ को परिच्छेद ११ दफा ६२ उपदफा १९ अनुसार यस नगरपालिकाबाट पदपुर्ति हुने प्रसूती सट्टा शिक्षक व्यवस्थापन कार्य विधि २०७५

## परिच्छेद १

## प्रारम्भिक

**१.संक्षिप्त नाम र प्रारम्भः**

क) यो कार्यविधिको नाम: "दिक्तेल रुपाकोट मझुवागढी नगरपालिकाको प्रसूती सट्टा शिक्षक व्यवस्थापन कार्यविधि, २०७५" हुनेछ ।

ख) यो कार्यविधि दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका नगर कार्यपालिकाबाट स्वीकृत भई प्रमाणित भएको मितिबाट लागु हुनेछ ।

**(२) परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:

क) "प्रसूती सट्टा शिक्षक" भन्नाले दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका भित्र रहेका सामुदायिक विद्यालयका शिक्षिका प्रसूती हुंदा दिने ९८ दिनका लागि राखिने शिक्षिकालाई बुझ्नु पर्दछ ।

ख) "समिति" भन्नाले विद्यालय व्यवस्थापन समितिलाई सम्झनु पर्दछ ।

ग) "जगेडा कोष" भन्नाले सट्टा शिक्षकको पारिश्रमिक व्यवस्थापन गर्न नगरपालिकाबाट आर्थिक व्यवस्थापन गर्न खडा गरिएका आर्थिक कोष सम्झनु पर्छ ।

घ) "छनोट समिति" भन्नाले प्रसूती शिक्षकको सट्टामा शिक्षण गर्न शिक्षक छनोट गर्ने समितिलाई सम्झनु पर्छ ।

**(३) उद्देश्यः** यस कार्यविधिको देहाय बमोजिमका उद्देश्यहरू रहेका छन्:

१. विद्यालयको पठनपाठनलाई निरन्तरता दिन ।

२. महिलामैत्री सहयोगात्मक अवस्था सिर्जना गर्न ।

## परिच्छेद २

## प्रसूती सट्टा शिक्षक व्यवस्थापन विधि

**(४) प्रसूती विदा स्वीकृत गर्ने सम्बन्धमाः**

१. नगर शिक्षा नियमावली अनुसार प्रसूती विदा लिन चाहने शिक्षिकाले प्रसूती हुनु अगावै वा प्रसूति अवस्थामा स्वास्थ्य संस्थाबाट सिफारिस पुर्जा सहित वि.व्या.स.मा निवेदन दिनु पर्नेछ ।

२. सो निवेदनका आधारमा २ वटा सन्तान सम्मका लागि वि.व्या.स.ले नगर शिक्षा शाखाको सिफारिसमा विदा स्वीकृत गर्न सक्नेछ ।

**(५) सट्टा शिक्षक अनुमती सम्बन्धमाः**

१. विदा स्वीकृत गरेको जानकारीका साथमा वडा शिक्षा समितिको सिफारिस सहित नगर शिक्षा शाखामा शिक्षक व्यवस्थापनको लागि विद्यालयले अनुमती माग गर्नुपर्नेछ ।

२. नगर शिक्षा समितिको सिफारिसमा नगर शिक्षा शाखाले शिक्षक छनोट समिति मार्फत प्रक्रिया पुरा गरी शिक्षक छनोट गरी सिफारिस गर्नेछ ।

**(६) सट्टा प्रसूती शिक्षक छनौट समितिः**

क. नगरपालिकाको उपप्रमुख - संयोजक

ख. नगर शिक्षा अधिकृत - सदस्य

ग. सम्वन्धित विद्यालयका प्र.अ - सदस्य सचिव

समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।

**(७) छनौटका प्रक्रियाः**

१. विद्यालयले ३ दिन को म्याद राखी कम्तिमा सम्बन्धित तह उतिर्ण गरेको योग्य नागरिकको निवेदन आह्वान गर्नेछ ।

२. विद्यालयले आवेदकहरूको आवेदन संकलन गरी नगर शिक्षा शाखामा पेस गर्नुपर्नेछ ।

३. उक्त आवेदन नगर शिक्षा शाखाले छानविन गरी आवेदन स्वीकृत गरी परीक्षा समितिमा पेश गरी छनोट समितिबाट सट्टा शिक्षक छनौट गर्नेछ ।

**(८) छनौटका आधारहरुः** छनौट गर्न २ मापदण्ड अपनाइनेछ ।

क) १. शिक्षण अनुभव— १.५(२ बर्ष सम्म भए १ सो भन्दा माथि भए १.५)

२. योग्यताको श्रेणि— १.५ (प्रथम १.५,व्दितीय १,तृतीय .५)

३. दलित वा अल्पसंख्यक —१

४. विवाहित— १

ख) १. अन्तरवार्ता— १०

**(९) समय अवधिः**

सट्टा शिक्षकको कार्य अवधि ९८ दिन हुने छ । तर सो अवधि भित्र हिउंदे, वर्षे तथा दशैं तिहार जस्ता लामो विदा पर्न गएमा उपस्थित दिनको मात्र पारिश्रमिक पाउने छ । र अन्य तिन दिन भन्दा कमको विदा परे सो दिन काम गरे सोसरह मानिनेछ ।

**(१०) सट्टा शिक्षक व्यावस्थापन कोषः**

दिक्तेल रुपाकोट मझुवागढी नगरपालिकामा एक प्रसूती सट्टा शिक्षक व्यवस्थापन कोष खडा गरिने छ ।

**(११) पारिश्रमिकः** प्रसूती सट्टा शिक्षकले देहाय वमोजिमको पारिश्रमिक पाउनेछ ।

१. प्राथमिक तह १५ हजार

२. नि.मा.वि. तह १८ हजार

३. मा.वि.तह २१ हजार

४. उच्च मा.वि.तह २४ हजार

**(१२) परीक्षा समितिको बैठकः**

आवश्यक्ता अनुसार परीक्षा समितिको बैठक वस्नेछ । तर सट्टा शिक्षक छनोट गर्दाको बखत कम्तिमा २ वटा वैठक वस्नु पर्नेछ ।

**(१३) बैठक भत्ताः**

परीक्षा समितिलाई शिक्षक छनोट गर्दा बसेको २ बैठकको पारिश्रमिक विद्यालयले उपलब्ध गराउनु पर्नेछ ।

**(१४) प्रचलित कानून लागू हुनेः**

प्रसूती सट्टा शिक्षक व्यावस्थापन सम्बन्धमा प्रचलित नगर शिक्षा नियमावली २०७४ मा उल्लेख भएमा सो बमोजिम र उल्लेख नभएको अवस्थामा यसै कार्यविधी बमोजिम कार्यान्वयन हुनेछ ।

**(१५) कार्यविधि संसोधन तथा परिमार्जजन सम्वन्धमा:**

दिक्तेल रुपाकोट मझुवागढी नगरपालिकाको नगर शिक्षा समितिले यस कार्यविधि आवश्यक परेमा परिमार्जन तथा संशोधन गर्नेछ ।

**(१६) खारेजी तथा वचाउ:**

यस कार्यविधि नेपाल सरकार र दिक्तेल रुपाकोट मझुवागढी नगरपालिकाको नगर शिक्षा ऐन तथा नियमावली २०७४ सँग बाझिन गएमा बाझिएको हद सम्म खारेज हुनेछ ।

**प्रमाणीकरण मितिः २०७५।०४।२१**

**आज्ञाले,**
**वल्लभ बिष्ट**
**नि. प्रमुख प्रशासकीय अधिकृत**